# नेपाल नागरिक उड्डयन प्राधिकरण
## प्रशासन सेवा, प्रशासन समूह, प्रशासन/कानून/पुस्तकालय उपसमूह, आर्थिक प्रशासन समूह लेखा/राजश्व उपसमूह, पाँचौं तह, वरिष्ठ सहायक पदको खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**पाठ्यक्रमको रुपरेखाः–** संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated & Unified Examination System) को आधारमा सबैको लागि निम्नानुसारका चरणमा परीक्षा लिइनेछ :

| | | |
|---|---|---|
| **प्रथम चरण :–** | लिखित परीक्षा | पूर्णाङ्क :– २०० |
| **द्वितीय चरण :–** | (क) सीप परीक्षण | पूर्णाङ्क :– १० |
| | (ख) अन्तर्वार्ता | पूर्णाङ्क :– ३० |

### परीक्षा योजना (Examination Scheme)

**१. प्रथम चरण : लिखित परीक्षा (Written Examination)** **पूर्णाङ्क :- २००**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत | बहुवैकल्पिक प्रश्न (MCQ) | ५० प्रश्न X २ अङ्क | ४५ मिनेट |
| द्वितीय | सेवा सम्बन्धी | १०० | ४० | विषयगत | छोटो उत्तर आउने प्रश्न | १२ प्रश्न X ५ अङ्क | २ घण्टा ३० मिनेट |
| | | | | | लामो उत्तर आउने प्रश्न | ४ प्रश्न X १० अङ्क | |

**२. द्वितीय चरण : सीप परीक्षण र अन्तर्वार्ता (Skill Test and Interview)** **पूर्णाङ्क :- ४०**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| (क) कम्प्युटर सीप परीक्षण | १० | प्रयोगात्मक | १५ मिनेट |
| (ख) व्यक्तिगत अन्तर्वार्ता | ३० | मौखिक | - |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. **प्रशासन सेवा, प्रशासन समूह, प्रशासन/कानून/पुस्तकालय उपसमूह, आर्थिक प्रशासन समूह लेखा/राजश्व उपसमूह, पाँचौं तह, वरिष्ठ सहायक पदको प्रथम पत्रको पाठ्यक्रम एउटै हुनेछ । तर दोस्रो पत्रको पाठ्यक्रम प्रत्येक समूहको छुट्टाछुट्टै हुनेछ ।**

३. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ । प्रथम पत्रको परीक्षा एकीकृत र संयुक्त रुपमा हुनेछ ।

४. लिखित परीक्षामा सोधिने **प्रश्नसंख्या र अङ्कभार** सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

६. वस्तुगत बहुवैकल्पिक प्रश्न हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) A,B,C,D मा लेख्नुपर्नेछ । सानो अक्षर (Small Letter) a,b,c,d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

७. वहुवैकल्पिक प्रश्न हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

८. विषयगत प्रश्नको हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिने छ ।

९. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिका हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१०. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका नीति, कानून, ऐन, नियम, विनियम, निर्देशिकाहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडिसम्म संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

११. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

**१२. पाठ्यक्रम स्वीकृत मिति :- २०८०/०१/२१**

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**प्रशासन सेवा, प्रशासन समूह, प्रशासन/कानून/पुस्तकालय उपसमूह, आर्थिक प्रशासन समूह लेखा/राजश्व उपसमूह, पाँचौं तह, वरिष्ठ सहायक पदको खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

**प्रथम पत्र :– सामान्य ज्ञान र बौद्धिक परीक्षण**

**खण्ड (क) - ८० अङ्क**

१. **सामान्य ज्ञान**
१.१ नेपालको भौगोलिक अवस्था र प्रमुख प्राकृतिक स्रोतहरू
१.२ नेपालको इतिहासः प्राचिनकाल, मध्यकाल र आधुनिक काल
१.३ नेपालका प्रमुख धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला र साहित्य
१.४ जनसंख्या, दिगो विकास, वातावरण, शहरीकरण, प्रदुषण, जलवायु परिवर्तन र जैविक विविधता
१.५ नेपालको संविधानः भाग १ देखि ५ सम्म र अनुसूचीहरू
१.६ योजनाबद्ध विकासको अवधारणा र नेपालको चालु आवधिक योजनाः हवाई र पर्यटनसँग सम्बन्धित परिमाणात्मक सूचक सहित
१.७ नेपालमा सार्वजनिक संस्थानको विकासक्रम र वर्तमान अवस्था
१.८ नेपाल नागरिक उड्डयन प्राधिकरण एवं नेपालमा हवाई यातायात तथा पर्यटन क्षेत्रको विकास
१.९ नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रको विकासमा नागरिक उड्ययनको योगदान
१.१० संयुक्त राष्ट्रसंघ, सार्क, बिमस्टेक, आसियान, युरोपियन युनियन
१.११ अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) र अन्तर्राष्ट्रिय हवाई यातायात संघ (IATA)
१.१२ विज्ञान तथा प्रविधिका महत्वपूर्ण उपलब्धि
१.१३ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत लगायत समसामयिक घटना तथा नवीनतम गतिविधि र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरू सम्बन्धी जानकारी

**खण्ड (ख) – २० अङ्क**

२. **General Ability Test (बौद्धिक परीक्षण)**
२.१ **Verbal Reasoning Test**: Vocabulary, Jumble words, Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Common Sense Test, Logical Reasoning, Statement and Conclusions, Arithmetical Reasoning/Operation, Fraction, Percentage, Ratio and Average
२.२ **Non-verbal/Abstract Reasoning Test:** Figure Series, Figure Analogy, Figure Classification, Figure Matrix, Pattern Completion/Finding, Analytical Reasoning Test, Figure Formation and Analysis, Rule Detection, Water images, Mirror images, Venn-diagram

प्रथम पत्रबाट निम्नानुसार प्रश्न सोधिनेछ :

| **प्रथम पत्र (वस्तुगत बहुवैकल्पिक)** | | |
|---|---|---|
| **खण्ड** | **अङ्कभार** | **प्रश्न संख्या** |
| (क) सामान्य ज्ञान (General Knowledge) | ८० | ४० प्रश्न x २ अङ्क = ८० |
| (ख) बौद्धिक परीक्षण (General Ability Test) | २० | १० प्रश्न x २ अङ्क = २० |
| **जम्मा** | **१००** | **५० प्रश्न x २ अङ्क =१००** |